annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३२ पृष्ठ ८ | काठमाडौं, सोमबार २४ भदौ २०८१ | भाद्र शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४४ | MONDAY, SEPTEMBER 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# ठूला माछा पनि अख्तियारको फन्दामा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जहिल्यै एउटा प्रश्नको सामना गर्नुपर्छ- साना माछा मात्र समातेर हुन्छ ? ठूला माछा खै ? तर, एक वर्षको तथ्यांकले भन्छ- ठूला माछा पनि कहाँ उम्केका छन् र ? उनीहरू पनि अख्तियारको फन्दामा छन् ।' अर्थात् पदको दुरुपयोग गरी भ्रष्टाचार गर्ने जोसुकै अख्तियारको फन्दामा परेका छन् ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २




ठूला मुद्दाहरू

| | |
|---|---|
| अख्तियारद्वारा विशेष अदालतमा दायर मुद्दा | २०१ |
| गैरकानुनी लाभहानि | ५८ |
| घूस/रिसवत | ४८ |
| नक्कली शैक्षिक प्रमाणपत्र | ३४ |
| सार्वजनिक सम्पत्ति हानिनोक्सानी | ३४ |
| राजस्व चुहावट | १३ |
| गैरकानुनी सम्पत्ति | ११ |
| विविध | ३ |

**अन्त:शुल्क स्टिकर छपाइमा भ्रष्टाचार**
**मुद्दा दायर मिति :** २०८१ असार ९
**आरोपी:** तत्कालीन मुख्य सचिव डा. बैकुण्ठ अर्याल, राजस्व विभागका तत्कालीन महानिर्देशक रितेशकुमार शाक्य, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसमेत ११ जना
**बिगो:** ३८ करोड ६७ लाख

**सुरक्षण प्रेसको सफ्टवेयर तथा अन्य उपकरण खरिद**
**मुद्दा दायर मिति :** २०८१ वैशाख ३०
**आरोपी:** सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठसमेत ६ जना
**बिगो:** ४० करोड ७५ लाख

**गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार**
**मुद्दा दायर मिति :** २०८० चैत २८
**आरोपी:** बागमती नगरपालिका, सर्लाहीका नगर प्रमुख (मेयर) भरतकुमार थापा
**बिगो:** ५ अर्ब ३३ करोड ५३ लाख

**वाइडबडीमा डेढ अर्बको भ्रष्टाचार**
**मुद्दा दायर मिति :** २०८० चैत २२
**आरोपी:** तत्कालीन पर्यटनमन्त्री बहादुर शाही, नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रवन्धक सुगतरत्न कंसाकारसमेत ३२ जना।
**बिगो:** १ अर्ब ४७ करोड १० लाख

**मेलम्चीमा भ्रष्टाचार**
**मुद्दा दायर मिति :** २०८० फागुन ६
**आरोपी:** मेलम्ची खानेपानी विकास समिति बोर्डका तत्कालीन अध्यक्ष डा. सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर, समितिका कार्यकारी निर्देशकसमेत १५ जना र परामर्शदाताहरू तथा निर्माण कम्पनी
**बिगो:** ६ अर्ब ७३ करोड

**टीकापुर नगरविकास समितिको ६ सय कठ्ठा जग्गा**
**मुद्दा दायर मिति :** २०८० माघ २५
**आरोपी:** कैलाली, टीकापुर नगरविकास समितिका तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशी, ललित ताम्राकार, धीजराज रेग्मीसमेत २४९ जना

## जनताका आधारभूत समस्या पनि सम्बोधन भएनन्



उपेन्द्र खड्का

इजलास

वडादेखि प्रवाह हुने सार्वजनिक सेवा प्रभावकारी र पारदर्शी छैनन्। सार्वजनिक सेवा लिन जाँदा जनताले दु:ख पाइरहेका छन्। जनतालाई सेवा दिँदा राजनीतिक पूर्वाग्रह साँधिन्छ। बजेटको कार्यान्वयनमा पनि झन्डै ४५ प्रतिशत अनियमितता भइरहेको छ। यसबाट नागरिकले कसरी सुशासनको अनुभूति गर्ने ?

सुशासन कायम गर्न स्थानीय तहहरू रणनीतिक रूपमै चुकिरहेका छन्। निर्वाचित जनप्रतिनिधिहरू निहित स्वार्थ र राजनीतिक लाभांश लिनेमै केन्द्रित छन्। उच्च राजनैतिक संस्कारसहितको व्यवहारका साथ अगाडि बढ्न सकेनन्। जसको परिणाम वर्तमान प्रणाली, कानुन, कार्यविधि, तौरतरिका पद्धति र स्थानीय सरकारको कार्य जिम्मेवारी, दायित्व, नागरिकका समस्या समाधान गर्ने तत्परता, राजनीतिक गतिशीलताबीच तालमेल मिलेको अवस्था छैन।

शासनमा नागरिकको सक्रिय सहभागिता, सार्वजनिक सेवा प्रदानमा सरकार, निजी क्षेत्र र तेस्रो क्षेत्रको साझेदारीयुक्त सहभागिता, सार्वजनिक निजी साझेदारी, सहउत्पादन, निर्माण हुनुपर्छ। तर, स्थानीय सरकारमा संघीयताको भावना नै नबुझेका जनप्रतिनिधिका कारण अहिलेको व्यवस्था प्रति नै प्रश्न उठ्ने गरी काम भइरहेको छ। यो सुधार गर्नै पर्छ।

स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया मागमा आधारित अर्थात् 'बटम अप' अवधारणामा हुनुपर्छ। तर, यहाँ आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूको मागलाई प्राथमिकता दिँदा बजेटको चरम दुरुपयोग भइरहेको छ। जसले कर्णालीमा बेरुजुको अवस्था पनि निकै डरलाग्दो छ।

नागरिकका कुरा सुन्ने, त्यसअनुसार योजना तर्जुमा गर्ने, पक्षपात रहित सार्वजनिक सेवा प्रवाह गर्ने जस्ता आधारभूत कुरामा पनि स्थानीय तह सचेत छैनन्।

*(खड्का सामाजिक अभियन्ता हुन्।)*

# पहिले कोशीका पक्षमा मतदान गर्न लगाए, अब १ नम्बर प्रदेश भन्न थाले

भरत खड्का | *उदयपुर*

'कि लाउ माया मै तिर, कि लाउ उहीतिर, नलाउ दुई तिर' एकनारायण भण्डारीको यो गीतले भन्छ- मायापिरतीमा पनि दोधारामा पर्नुहुन्न।' राजनीतिमा त प्रष्ट हुनैपर्‍यो। तर, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड भने कोशी प्रदेशको नामाकरणका विषयमा अझै दोधारमा छन्।

अर्थात्, 'राजनीति' गरिरहेका छन्। आफ्नै पार्टीका नेता प्रदेशसभाको सभामुख हुँदा प्रचण्डले 'कोशी प्रदेश नामाकरण घोषणा गर्न लगाए।' तर, पार्टी सत्ताबाट हटेपछि कोशी नाम मानेको छैनौं भन्दै १ नम्बर नै' भन्न लगाए। जबकी, प्रदेशको नाम संविधान, कानुन र संसदीय अभ्यास पूरा गरेरै दुईतिहाइ बहुमतबाट 'कोशी' नामाकरण गरिएको थियो।

संसदीय अभ्यास र प्रक्रियाबाट पटक-पटक सत्ताको नेतृत्व सम्हालेका प्रचण्डले 'कोशी प्रदेशसभा'ले गरेको उक्त निर्णय मानेनन। आइतबार उदयपुरको बेलका नगरपालिका-८ स्थित माओवादी नेता रमण भट्टराईले सञ्चालन गरेको बेलका रिभरबीच रिसोर्टमा उनले संविधान र कानुनअनुसार प्रदेशसभाले गरेको निर्णयको धज्जी उडाए। तेस्रोपटक प्रधानमन्त्री हुँदा प्रचण्डले कोशी प्रदेश नामाकरण गर्न पार्टी निकट प्रदेशका सांसदलाई ह्वीप जारी गरेका थिए।




बाँकी पृष्ठ ६

## माओवादीको समाजवाद : बरमझियाको असली बुढो बाजेको पेडा जस्तै...

राजकरण महतो | *काठमाडौं*



पार्टीभित्र होस् वा बाहिर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)को तीव्र आलोचना भइरहेको छ यतिखेर। 'छेपारो प्रवृत्ति'को राजनीतिलाई पार्टीभित्र पनि कडा विरोध भइरहेको छ। आइतबार कोशी प्रदेशको परामर्श बैठकमा पनि यस्तै भयो। नेताहरूले भने, 'प्रचण्डको स्वेच्छाचारी प्रवृत्ति र परिवारवादको मोहले पार्टी सिद्धिनै लाग्यो।'

बाँकी पृष्ठ ६

## पहिरोमा महिला वडा सदस्यका दम्पतीको मृत्यु

**जाजरकोट** (अन्नपूर्ण) : जाजरकोटको बारेकोटमा पहिरोमा परी एक दम्पतीको मृत्यु भएको छ। बारेकोट गाउँपालिका-६ धुमाका ३८ वर्षीया महिला वडा सदस्य प्रेमकुमारी चलाउने र ४७ वर्षीय उनका श्रीमान् मानबहादुर चलाउनेको मृत्यु भएको प्रहरीले जनाएको छ।

शनिबार राति घरमा सुतिरहेको बेला एक्कासि खसेको पहिरोले घरसँगै उनीहरूलाई पुरेको हो। श्रीमान्को दीर्घायुको कामना गर्दै तीज मान्नका लागि दुई दिन अघि माइतीमा गएकी प्रेमकुमारी शनिबार बेलुका फर्किएकी थिइन्। अघिल्लो दिन आफन्तकोमा गएका श्रीमान् मानबहादुर पनि सोही दिन फर्किएका थिए। दुवै जना मिलेर खाना पकाएर खाए। सुख दु:खका कुराकानी गरे। पानी परिरहेको थियो।

११ वर्षीया छोरीसहित सुते। तर, कहिल्यै नफर्किने गरी चिरनिन्द्राबाटै दम्पती विलिन भए। पहिरोले बिउझिने नदिने गरी निल्यो।। पहिरोले भत्किएको घरले पुरिएका चलाउने दम्पतीको शव निकाल्न ६ घण्टाभन्दा बढी समय लागेको थियो। प्रहरी उज्यालो भइसकेपछि आइतबार बिहान ६ बजेतिर मात्र घटना स्थल पुगेको थियो। चलाउने माओवादी केन्द्रबाट निर्वाचित वडा सदस्य हुन्। चलाउने दम्पतीसँगै घरमै सुतेकी ११ वर्षीया छोरी सम्झना चलाउनेलाई प्रहरीले उद्धार गरेको थियो।

# 'डीएनए परीक्षणले मात्रै पितृत्व निक्यौंल हुँदैन'

## नाता कायम र अंशबन्डाको मुद्दा २३ वर्षपछि टुंगो लाग्यो

दिनेश गौतम | *काठमाडौं*

शिशुको बुवा (पिता) पहिचान गर्ने सबैभन्दा भरपर्दो र विश्वसनीय आमा नै हुन्। तर, आमाले चिनाएको पुरुषले सन्तान ग्रहण गरी अंश दिन इन्कार गरेमा शिशुले के गर्ने? जवाफ आउन सक्छ, 'डीएनए परीक्षण गर्ने।'

नाता कायम तथा पितृत्व निर्धारण जस्ता विषयमा डीएनए परीक्षण स्वीकार्य अभ्यासका रुपमा लिइँदै आएको छ। छोरा नाता कायम गरी अंशको माग दाबी गर्दै बालाजुका प्रदीपराज पाण्डेले दायर गरेको मुद्दामा प्रकाशराजले डीएनए परीक्षण गर्न चुनौती दिए। यही मुद्दामा सर्वोच्च अदालतले पनि डीएनए परीक्षण गर्न आदेश दियो।

विधि विज्ञान प्रयोगशालाले डीएनए परीक्षण त गर्‍यो तर प्रकाशराज जैबिक बाबु नभएको प्रतिवेदन दियो। यही जटिल मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले पितृत्व निर्धारणमा डीएनए परीक्षण प्रतिवेदनलाई प्राथमिक प्रमाण र अन्यलाई गौण प्रमाण भनी हाल्न नमिल्ने फैसला गरेको छ। नाता कायम र अंशबन्डाको मुद्दा २४ वर्षपछि टुंगोमा पुगेको हो। सर्वोच्चले डीएनए परीक्षण विशुद्ध वैज्ञानिक, यान्त्रिक र शुत्रबद्ध प्रक्रिया भएको निष्कर्ष अदालतले निकालेको हो।

न्यायाधीशद्वय डा. नहकुल सुबेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले पितृत्वको निर्धारणमा डीएनए प्रतिवेदनलाई निश्चयात्मक प्रमाणका रूपमा लिन नसकिने ठहर गरेको छ। 'डीएनए परीक्षणमार्फत आनुवंशिक वा प्राविधिक विश्लेषणबाट व्यक्तिको जैविक बाबुको पहिचान त गर्न सकिएला। तर, पितृत्वको निर्धारण सामाजिक, कानुनी प्रश्नसमेत भएकाले यसको निरुपण सामाजिक, कानुनी प्रश्नसमेत भएकाले यसको निरुपण सामाजिक कानुनी पक्षको विश्लेषण समेतबाट हुनु पर्ने हुँदा वैज्ञानिक सुत्रमा आधारित भएर गरिएको डीएनए प्रमाणलाई सो सम्बन्धमा भएका अन्य प्रमाण सरह एक प्रमाणका रूपमा मात्र लिनुपर्ने देखियो।

पितृत्व निर्धारणमा डीएनए परीक्षण प्रतिवेदनलाई प्राथमिक प्रमाण र अन्यलाई गौण प्रमाण भनी मान्न मिल्ने देखिएन। देवानी मुद्दामा निर्णय गर्दा प्रमाणको प्राचुर्यताका आधारमा निर्णय गर्नुपर्ने भएकाले पितृत्वको निर्धारणमा पनि केवल डीएनए प्रमाणमात्र नहेरी मिसिल संलग्न सम्पूर्ण प्रमाणको प्राचुर्यताको आधारमा निक्यौंल गर्नुपर्ने हुन्छ,' हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भनिएको छ, 'निश्चय पनि विज्ञान प्रविधिको उपलब्धिलाई न्यायिक प्रक्रियाले उपेक्षा वा इन्कार गर्न सक्दैन।




प्रविधिको विकासले न्याय निष्पादन प्रक्रियामा रहेका कैयौं जटिल र प्राविधिक प्रश्नहरूको सम्बोधन गर्न सक्ला तर प्रविधि आफैंले न्यायको उद्घोष भने गर्न सक्दैन। प्रविधि एवं नवप्रबर्द्धनलाई मानवीय ज्ञान, विवेक, तर्क र औचित्यका आधारमा संश्लेषण गरेर मात्र न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ।' २०८० पुस २४ गतेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

सर्वोच्चले डीएनए परीक्षणका लागि आवश्यक औजार, यन्त्र वा उपकरणको गुणस्तरीयता, नमुना संकलन र भण्डारण विधि, संलग्न जनशक्तिको दक्षता, परीक्षण विधि र परीक्षणका लागि प्रयोग गरिने चिजवस्तु वा रसायनको स्तर र प्रयोगशालाको गुणस्तरीयता जस्ता निर्धारक पक्ष (भेरियवल)को असर डीएनए परीक्षणमा नपर्ने भन्न नसकिने व्याख्या गरेको छ। 'यी र यस्ता केही निर्धारक पक्ष (भेरियबल्स)ले डीएए परीक्षणको एक्युरेसी (त्रुटिरहित ) र क्रेडिबिलिटी ( विश्वससनियता)मा असर पर्ने सम्भावना सधैं रहन्छ,' फैसलामा उल्लेख छ। पितृत्वको निर्धारणका सम्बन्धमा यसअघि विभिन्न मुद्दामा भएका व्याख्या भए पनि सर्वोच्च अदालतले गरेको यो सबैभन्दा पछिल्लो व्याख्या हो।

'पितृत्व निर्धारणमा डीएनए परीक्षणलाई सिद्धान्तत: धेरै हदसम्म त्रुटिरहित र विश्वसनीय मानिए तापनि व्यवहारमा परीक्षण प्रक्रियासँग विविध मानवीय, व्यवस्थापकीय वा प्राविधिक पक्षको कारण नतिजा फरक पर्ने सम्भावनालाई पूर्णत: इन्कार गर्न सकिने अवस्था देखिएन,' फैसलामा भनिएको छ, 'न्याय सम्पादनमा प्राविधिक, मानवीय वा अन्य कुनै कारणले हुन सक्ने कुनै पनि त्रुटि स्वीकार्य हुँदैन। पूर्णतामा मात्र न्यायको अस्तित्व रहन्छ। प्रतिशत वा औसतले न्याय र पूर्णताको प्रत्याभूत गर्न सक्दैन। डीएनए परीक्षणका क्रममा हुन सक्ने कमी कमजोरीले परीक्षण नतिजा फरक पर्न सक्ने र सोबाट न्यायिक निष्कर्ष नै बदलिने हुँदा डीएनए परीक्षणको आदेश दिंदा वा परीक्षण नतिजालाई स्वीकार गर्दा अदालतले यो वास्ताविकतालाई अनदेखा गर्न मिल्ने देखिएन।'

बाँकी पृष्ठ ६